। कि हामिले १ महिनामा यो यो गर्यौं । कि हामी सवैले थाहा पाउछौ । मिडियाले थाहा पाउछ । जनतालले थाहापाउछ । यि कामहरु सवभन्दा पहिला गरोस मलाइ लाग्छ हामि प्रतिपक्षिले एउटा विधेक वाहेक कुनैमापनि हामिले हून्न भन्ने आवाज हामिले उठाएका छैनौ ।हामी यो प्रदेश वनाउकालागि यो प्रदेशलाइ १ न. वनाउनको लागि हामिले सत्तापक्ष प्रतिपक्ष भनेर हामिले मानेका छैनौ । त्यसकारण हाम्रो सहयोग आगामि दिनमा पनि हुनेछ । सामान्य कुराछ । हामिले केगर्यौं भन्नकालागि अहिले कुरा उठ्याछ । आकस्मिक कोषको कुरा राहात कोषका कुरा हरु म मननीय सभामुखज्यु अहिले सभामुखज्यू काहाँ वझाङका व्यत्ति लगेर गयाथे आङमा आगोलागेर याहं इलाज गर्न नसक्ने वाहिर लैजानुपर्ने सरकार राहत विपतकोस वाट केहि दिन सकिन्छकी ? भनेर त्यो पनि रहेनछ । आजै मात्र एकजना डणेलधुराकी आइमाइ हुन उनलाइ टि.वि. भयो केन्सर पनि भएको रैछ । वलड को केन्सर र मुटुको रोग पनि रैछ । ३ दिन धाएर वल्लआज मलाइ भेटिन उनले केहि छैन ४-५ हाजार रुपयाँ मैले आफने गोजिवाट दिए । त्यो भन्दा वाहेक केहिगर्न सक्दैनौ सरकारले त्यसलाइ के गर्छ । अलि चट्टयाङपरेका कुराहरु आए । हिजो अस्ति सम्म यो वाढिका कुराहरु आउथे । पैराका कुराहरु आउथे । त्यसमा सरकारको कुराकेछ ? सामान्य कुरा यि सामान्य कुराहरुमात हामी अगाढी वड्न सकिराखेका छैनौ । हामिले एउटा कार्यविधि वनाउन सकिराखेका छैनौ । भने पछि हामिले केहि गरेनौ सरकारले केहि गरेन भनेर हामिले भन्दा खेरि कसैले नाक मान्नु पर्न कसैले दु:ख मान्नु पर्ने कुनै कुरा छैन र वजेटका कुराहरु आइहाले वजेटमा कसैले के सरकारले केकति खर्च गर्‍यो यि कुराहरु हाम्रो सामुन्नेमा आउनु पर्‍यो । सदनको सामुन्नेमा आउनु पर्‍यो । जनताले जान्नु जर्‍यो । जनताको पर्तिनिधिले जान्ननु पर्‍यो । सरकारले यसको जवाफ दिनु पर्‍यो । माननीय अर्थ मन्त्री जि याहाँ हुनुहुन्छ । उहाले यो जवाफ दिनुहुन्छ । कि अहिले सम्म हामिले १ प्रतिशत २ प्रतिति हामिले खर्चगरेकाछौ । भनेर सुनेकाछौ । यो त्यो भन्दापनि वढिगरेका छौकि यसको जवाफ यो सदनले पाउनु पर्ने हुन्छ । अहिले पनि पाउनु पर्नेहुन्छ । तर यसको सवभन्दा राम्रो उपाय केहो भने हामिले वुलेटिन प्रकासित गरौ त्यसमा हामी सरकारको कुन मन्त्रालयवाट केभयो । प्रगतिका कुराहरु ऐन नियम वनाउने कुरा हरु यो जम्मै हाम्रो सामुन्नेमा आइदिए पछि हामिलाइ पनि प्रश्ट हुन्छ । हामिले पनि जवाफ दिन मिल्छ कि हामी प्रतिपक्षमा भएर पनि हाम्रो सरकारले यो यो गरेको छ है । हामि पनि भन्न पाउ त्यसकारण एउटा अनुरोध त्यो छ । त्यस वाहेक हिजो अस्तिमात्रै यो पुनरवासमा यो भारति हरुले डोजर लगाएर वाटो खनिराछन । के गरिराछन त्यो कस्तो खनिराछन । के खनि राछन त्यो प्रदेश सरकारलाइ यसको केहि जानकारि छकि छैन ? यदि जानकारि छ भने यो हाम्रो प्रदेश अन्तरगतको कुरापरेन त्यसलाइ माथिल्लो सरकारमा संघिय सरकारमा सोध पुछ गर्न सकिन्छ । केछ कस्तो छ ? भनेर चुरेमा भए भरकको रुख काटिराछ । यहि फल्टुणे देखि गैराजाने सडक वनाउदाखेरि रुखहरु काटिराछन । सरकार लाइ योकुरा थाहा छ कि छैन । आवस्यक परेरै यि कुराहरु काटिराछ या माफियाका कुरा अघि उठेका थिए । ति माफिया हरु वाट यि कुरा हरु भैराछन त्यो हामिलाइ थाहा छैन । तर सवभन्दा दु:खको कुरा केछ ?भनेदेखी २०७५–७६ को वजेट आउदा खेरि हामिले यो सरकारलाइ भनेका थियौ । कि तपाइ हरु ५ वर्षकालागी आउनु भएकोहो तपाइ ५ वर्षको रोड म्याप वनाउनु होस आफ्नो गन्तव्य वनाउनु होस । शिक्षास्वास्थय आदि यित्यार्दि मा आफ्नो गन्तवय हरु वनाउनुहोस कृषिमा वनाउनुहोस उद्योगमा वनाउनुहो १ वर्षमा हामी यो गर्नेछौ । भन्ने लक्ष लिनुहोस । भनेका थियौ । हामी लक्ष हिन भैराख्याछौ । अझैपनि म भन्छु । त्यतिवेला कुरा केभाथ्यो भने २०७५-७४ को वजेट आएको केहि समयमानै ७५–७६को वजेट ल्याउनु पर्‍यो हामिले फुर्षत पाएनौ

टाइम पाएनौ भन्ने अहिले त्यो टाइम छ ४ वर्षको तपाइहरु एउटा लक्ष निर्धारण गर्नुहोस । मलाइ यो सरकार संग अनुरोध छ । तर अन्तमा मैले केसुनेको छु । सम्मानीय प्रधानमन्त्री ज्यू आउदै हुनु हुन्छ । उहालाइ म आफ्नो तर्फवाट यो प्रदेशको तर्फवाट स्वागत गर्न चाहान्छु । उहालाइ मुरिमुरि धन्यावाद छ । हाम्रो जस्तो प्रदेशमा प्रधानमन्त्री जस्तो व्यक्तिले आउनु हाम्रोलागि गौरवको कुराहो तर याहाँ आउदा खेरि उहाले निर्मला पन्तलाइ के जवाफ दिनुहुनेहो त्यो जवाफ उहाले लिएर आउनु हुने छ । तर याहाँका निर्मला एउटा मात्र हैन हजारौ निर्मला ले उहालाइ सोध्नुहुने हो कि खै निर्मलाको न्याए भनेर त्यो जवाफ उहाले लिएर आउनु हुनेछ म विदा हुन्छु धन्यावाद

*(बोली सकेपछि)*

३. **माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

४. **माननीय सदस्यहरू,**

**अब, प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

५. **माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमती माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउछु ।

६. **माननीय सदस्यहरू,**

अब, म आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री झपट बहादुर बोहरालाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** लाई सभा समक्ष टेबुल गर्न अनुमती दिन्छु ।

**माननीय–श्री झपट बहादुर बोहराः–** मननीय सभामुख महोदय हाम्रो तेस्रो अधिवेसन हर्स उल्लासका साथमा हामिले प्रारम्भ गरेर अगाढी वडाइराखेका छौ । सरकारको उपस्थिती र अनुभुति धेरै तारिफि योग्य भैराखेको छैन । भने र माननीय सदस्य ज्युहरुले पनि भनिराख्भाको छ । कहिले कतै विनाप्रिस्टका आधारमा विना स्रोतका आधारमा समाचार हरु सम्प्रेसण गरिएको पनि छ । प्रदेश सरकार आफ्नो जिम्मेवारि निर्वाह गर्नकालागि संघिएता कार्यानयन गर्नकालागी जनतालाइ जनताकै घरदैलोमा सेवा सुविधा दिनका लागि अन्तर निहित तरिकाले लागिपरेको छ । कामगर्ने तरिका सैलि हुन्छन एउटा आन्तरिक र एउटा वाह्य जव हामी आन्तरिक सैलि या आन्तरिक गृहकार्यमा जुटेका हुन्छौ । त्यो वाहिर देखिदैन त्यो चर्चाको विषय पनि वन्दैन भनिन्छ प्रदेश सरकारले खर्चैगरेन विकासको अनुभुति गरेन जनता निरसा तर्फ उनमुख भैराखेका छन । माननीय सभामुख महोदय जनताले तिरेका पैशा खर्चगर्नका लागि विधि र कानुनत चाहिन्छनी आज यो रोस्टम्मा प्रदेश सभामा सम्मानित प्रदेश सभामा हामिले हाम्रा कुरात राख्यौ । सुन्ने वालाका लागि पनि राम्रो होला विरोध गर्ने वालाका लागिपनि राम्रो होला । तर कानून र विधि विना हामी खर्चगर्न अघि वड्यौ भने यो रोस्टम वाट तिनिहरुवाटनै विरोध हुन्छ । त्सैले सरकारले आफ्नो भुमिका वुझेको छ । पारदर्सिता जवाफ देहिता अनुसाशन र विधि र नितिको साधन यो प्रदेसमा कायम गर्नका लागि सात लागि परेको छ । हामी आन्तरिक व्यवस्थामा आज सम्म गृहकार्यमा व्यस्त थियौ । अव हामी वाह्य कामको थालनि गर्न गैराखेका छौ । माननीय सभामुख महोदय यो प्रदेशमा पुजिगत खर्चमात्रै भएन भन्ने गुनासो हुनु सोभाविक हो । र रचनात्मक सुझाव मनन् गर्नु पर्छ र कमि कम्जोरिलाइ पनि प्रदेश सरकारले सुधारेर जानु पर्छ । त्यसमा दुईमतै छैन सिक्ने र भोगाइ गर्ने कुरा हरु कहिलै अन्त हुदैन जिवन रहदा सम्म ति कुरा रहिरहन्छन यो पनि हामिलाइ अवगतै छ । संघिय सरकारले पुजिगत खर्च कुन मात्रामा गरिराखेको छ ७ वटै प्रदेशमा पुजिगत खर्च कति भैराखेका छन र सुदूर पश्चिम सरकारले कति गरि राखेको छ । यसको पनि तुलनात्मक रुपले विस्लेसण होस त्यसमा सरकारको तर्फवाट हामी जवाफदेहि होऔं संघिय सरकारले हक अधिकार हरु कर्मचारि व्यवस्थापनका कुराहरु अगाढी वडाउदा खेरि संघियताको प्रारम्भिक विन्दुमा हामिले १२० को रफतारमा गाडि गुडाउन खोजेका थियौ । यो हामिलाइ वाध्यात्मक तरिकाले हाम्रो स्पिटलाइ व्रेक लगाउन

खोजि राखेको छ । किनभने कुनैपनि नयाकुराको थालनि गर्दा व्यवस्थापनको पाटोमा धेरै अप्ठेराहरु आइपर्छन १२ महिनामा खर्च हुने वजेट ३ महिना ४ महिना या ५ महिनामै भएन भन्नु ५ वर्षको लागि आएको सरकारले ५ महिनामा खर्च गर्न सकेन भन्नु हामी हतोसायित त भएनौकि यतातिर विभेचना गर्न पनि मैले जरुरि ठान्दछु **(माननीय सभामुख ज्यु ) माननीय मन्त्री ज्यु विषय प्रसंगमा अगाडि वडौ ) माननीय** – श्री झपट बहादुर बोहरा–मननिय सभामुख महोदय म विषयमा अगाडि वड्न चाहान्छु । प्रदेश सरकारवाट विसेष गरेर प्रदेशको आन्तरिक तथा कानुन मन्त्रालय वाट प्रदे सचिव र सचिवालयको सम्वन्धमा व्यवस्था गर्न वनेको विधेक २०७५ प्रदेश सरकारको तर्फवाट यस गरिमामय सभामा स्वीकृतिकालागि आएको छ । यसमा ७ वटा परिक्षेद रहेकाछन २९ वटा दफा रहेका छन । विधि र कानुनको साशनलाइ आत्मसाथ गर्दै यो प्रदेशमा अझै सु शासनको प्रत्याभुति गर्न प्रदेश सरकारले यो विधेक यो गरिमामय सभामा पेश गरेको छ र यसका दफा हरुमा दफावार छलफलमा वाकि कुरा हामी छल्फलको दौरानमानै उठाउने छौ र प्रदेश सरकारको तर्फवाट यो विधेक यो गरिमामस सभामा टेवलगर्ने अनुमति चाहन्छु धन्यावाद

*(टेबुल भएपछि)*

७. **माननीय सदस्यहरू,**

प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको आजको बैठकको कार्बाही यही समाप्त हुन्छ ।

८. **माननीय सदस्यहरू,**
अब,**सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

९. **माननीय सदस्यहरू,**

अब, म **सामाजिक विकास समिति**का सभापति माननीयकुन्ती जोशीलाई प्रदेश नं. ७ प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम **सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथि दफावार छलफल भई तयार भएको

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७५।०६।०१ गते बसेको ४१औं बैठकको निर्णय अनुसार सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि

प्राप्त संशोधन सहित दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन प्रदेश सभामा पेश गर्न यस सामाजिक विकास समितिमा उक्त विधेयक प्राप्त यस समितिको मिति २०७५ साल असोज ४ गते विहिबार दिनको ३:०० बजे देखि समितिको १३औं बैठकमा सहकारी विधेयक सम्बन्धमा पहिलो पटक छलफलको कार्य प्रारम्भ भएको थियो र यस समितिको १३औं बैठक देखि २१औं बैठक सम्म गरि जम्मा ९ पटक बैठक १७ घण्टा १५ मिनेट बसि सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि दफावार छलफल भई कार्य समाप्त भएको थियो ।

दफावार छलफलका क्रममा सम्पन्न उक्त बैठकमा देहाय बमोजिमका माननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१. माननीय दिव्यश्वरी शाह-सदस्य
२. माननीय मान बहादुर सुनार -सदस्य
३. माननीय डिल्ली राज पन्त -सदस्य
४. माननीय टेक बहादुर रैका -सदस्य
५. माननीय लाल बहादुर खड्का -सदस्य
६. माननीय गेल्बु सिंह बोहरा -सदस्य
७. माननीय नन्द बहादुर साउँद -सदस्य
८. माननीय शुशिला बुढाथोकी -सदस्य
९. माननीय माया तामाङ्ग बोहरा -सदस्य
१०. माननीय दुर्गा कुमारी कामी -सदस्य

**विशेष आमन्त्रीत**

११. माननीय भुमि व्यवस्था तथा कृषि सहकारी मन्त्री विनिता देवी चौधरी

**आमन्त्रीत**

१२. माननीय तारालामा तामाङ्ग - प्रमुख सचेतक सत्तापक्ष
१३. माननीय हर्क बहादुर कुवर - सभापति
३. माननीय महेश दत्त जोशी - प्रदेश सभा सदस्य

दफावार छलफल समाप्त भएपश्चात प्रस्तुत विधेयकमा देहाय बमोजिम संशोधन निर्णयार्थ सभामा प्रस्तुत हुनु पर्ने यस समितिको निष्कर्ष रहेको व्यहोरा माननीय सभामुखज्यू समक्ष अनुरोध गर्दछु ।

**संशोधन तथा थप हुनु पर्ने विषयहरु**

| दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|
| प्रस्तावना | सहकारी सिद्धान्त, मूल्य र मान्यता अनुरूप प्रदेश स्तरमा सहकारी सङ्घ , संस्थाहरूको दर्ता, सञ्चालन तथा नियमन सम्बन्धी व्यवस्था गर्न तथा आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख प्रादेशिक अर्थतन्त्रको विकास गर्न प्रदेश नं. ७ को प्रदेश सभाले नेपालको संविधानको धारा १९७ बमोजिम यो ऐन बनाएको छ । | सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप प्रदेश स्तरमा कृषि, कालिगड, श्रमिक,न्यून आय भएका समुह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माफ छरिएर रहेको पूँजी, सीप, प्रविधी तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरण उन्नयन गर्न स्वायत्त र स्वशासित संगठनको रुपमा सहकारी संघ, संस्थाहरूको प्रवर्द्धन नियमन, सहकारी खेती, उधोग तथा सेवा व्यवसायका माध्यमबाट | समय सन्दर्भ र संघीय सहकारी ऐन २०७४ लाई समेत बिचार गरी |

| | | | |
|---|---|---|---|
| | | आत्मनिर्भर, दीगो एवं समाजबाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको बिकास र प्रादेशिक अर्थतन्त्रको विकास गर्न सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले नेपालको संविधानको धारा १९७ बमोजिम यो ऐन बनाएको छ । | |
| प्रस्तावना लगायत बिभिन्न दफा | प्रदेश नं.७ | सुदूरपश्चिम प्रदेश | प्रदेशको नामाकरण भैसकेकोले |
| बिभिन्न दफामा भएको | सङ्ग/सङ्घघ | संघ | बिभिन्न दफामा रहेकोलाई सुद्धीकरण गरेको |
| | | | |
| दफ २ को उपदफा (ङ) | (ङ) "दर्ता अधिकारी" भन्नाले दफा ७३ बमोजिमको दर्ता अधिकारी सम्झनु पर्छ । | दर्ता अधिकारी भन्नाले गा.पा./न.पा.को हकमा दर्ता अधिकारी नै सम्झनु पर्दछ र प्रदेशको हकमा दफा ७५ बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ । | सहकारीमा रजिष्ट्रार शब्दको प्रचलन भैसकेकोले प्रदेशमा पनि सो शब्द प्रयोग गर्न उपयुक्त भएकोले |
| दफा २ को उपदफा (ट) | "मुख्य कारोबार" भन्नाले संस्था वा संघ ले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा पचास प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ । | "मुख्य कारोबार" भन्नाले संस्था वा संघ ले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ । | संघीय सहकारी ऐन २०७४ मा बमोजिमको |
| दफा २ को उपदफा (द) | "सहकारी संस्था" भन्नाले संस्था वा संघ सम्झनु पर्छ । | "सहकारी संस्था" भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको सहकारी संस्था सम्झनु पर्छ । | स्पष्ट पारिएको |
| दफा २ को उपदफा (ध) | "संघ " भन्नाले दफा ४, ५, ६, ७ र ८ बमोजिम गठन भई दफा १२ बमोजिम दर्ता भएका संघ सम्झनु पर्छ । | "संघ"भन्नाले बिषयगत जिल्ला सहकारी संघ, जिल्ला सहकारी संघ, बिषयगत प्रदेश सहकारी संघ, प्रदेश सहकारी संघ, लाई सम्झनु पर्छ । | स्पष्ट पार्नुपर्ने भएकोले |
| | | | |
| परिच्छेद २ को दफा (३) को उपदफा २ को (१) | मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा, महिला लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन् । | मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा, महिला, सिमान्तकृत बर्गलगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यावसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन् । | सिमान्तकृत वर्गलाई पनि थप्न उपयुक्त भएकोले |
| दफा (८) | **विशिष्टिकृत सहकारी संघको गठन** : (१) दफा १२ बमोजिम दर्ता भएका कम्तीमा पच्चीस वटा | **विशिष्टिकृत सहकारी संघको गठन** : (१) दफा १२ बमोजिम दर्ता भएका कम्तीमा पच्चीस वटा | प्रष्ट पारिएको |

| | | | |
|---|---|---|---|
| | बहुउद्देश्यीय वा विषयगत संस्थाहरूले आपसमा मिली जलविद्युत आयोजना, प्राङ्गारिक तथा जैविक मल कारखाना, कृषि उपज थोक बजार ( सुपरमार्केट) खाद्य प्रशोधन, रासायनिक मल कारखाना, आवासिय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टिकृत संघको गठन गर्न सक्नेछन् । यो पूर्ण रूपले व्यवसायिक संस्था हुनेछ । यसलाई कुनै संघ, महासंघ चुन्ने र चुनिने अधिकार रहने छैन । | बहुउद्देश्यीय वा विषयगत वा दुबै प्रकारका संस्थाहरूले आपसमा मिली जलविद्युत आयोजना, प्राङ्गारिक तथा जैविक मल कारखाना, कृषिउपज थोक बजार (सुपरमार्केट) खाद्य प्रशोधन, रासायनिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टिकृत संघको गठन गर्न सक्नेछन् । यो पूर्ण रूपले व्यवसायिक संस्था हुनेछ । यसलाई कुनै संघ, महासंघमा चुन्ने र चुनिने अधिकार रहने छैन । | |
| दफा (९) | तर स्थानीय तहका सबै सहकारी संस्थाको प्रतिनिधित्व हुने गरी प्रत्येक स्थानीय तहमा एक स्थानीय सहकारी इकाई गठन गर्न सकिनेछ । | तर स्थानीय तहका सबै सहकारी संस्थाहरुको प्रतिनिधित्व हुने गरी प्रत्येक स्थानीय तहमा जिल्ला सहकारी संघ लि.को तत् तत् स्थानिय तह भित्र भएको प्रतिनिधीको वा जिल्ला संघले तोकिएको सहकारीकर्मीको उपस्थितीमा एक स्थानीय सहकारी समन्वय समिति गठन गर्न सकिनेछ । | स्थानिय तहमा सहकारीहरु बिच समन्वय गरी कार्य गर्न र जिल्ला संघसंग समन्वय गर्नको लागि |
| | | ११. प्रदेश सहकारी बैंकको गठनः (१) संस्था वा संघको बचत स्वीकार गर्ने र त्यस्तो संस्थालाई ऋण प्रवाह गरी बैंक सेवा उपलब्ध गराउँने उद्देश्य लिई संस्था वा संघहरु आपसमा मिली नेपाल राष्ट्र बैंकको पूर्ब स्वीकृत लिई प्रदेश सहकारी बैंक खोल्न सकिने छ ।<br>(२) प्रदेश सहकारी बैंक गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | दफा १० पछि दफा ११ थपिएको |
| | दफा (११) | दफा(११) लाई दफा(१२) मा परिवर्तन गरी सो दफा १२ पछि क्रमशः परिवर्तन गर्नु पर्ने | दफा(११) लाई दफा (१२) परिवर्तन गरेपछि दफाको क्रम मिलाउँन |
| दफा (११) को उपदफा (१) को (ङ) | एक स्थानीय तहभन्दा बढी तर प्रदेश कार्यक्षेत्र भएका प्रदेश विशिष्टिकृत सहकारी संघ | दफा १२ को उपदफा (१) को (ङ) एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र तर प्रदेश कार्यक्षेत्र भएका, विशिष्टिकृत सहकारी संघ | स्पष्ट पार्न |
| दफा(१२)को उपदफा ६ | सहकारी संस्थाले दर्ता भएको तीन महिनाभित्र सम्बन्धित प्रदेश सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, विशिष्टिकृत सहकारी संघ तथा सहकारी बैंक वा साना किसान बैंकको सदस्यता | दफा १३ को उपदफा (६) सहकारी संस्थाले दर्ता भएको तीन महिनाभित्र नियमानुसार माथिल्लो तह र संस्थाले सदस्यता लिन मिल्ने जुनसुकै संघ/संस्थाको सदस्यता लिन सक्ने छ र ६ महिना | सहकारीमा समन्वय सहकार्य गर्नु पर्ने भएकोले |

| | | | |
|---|---|---|---|
| | लिन सक्नेछ । | भित्र कम्तीमा कुनै एक मथिल्लो तहको सदस्यता अनिवार्य रुपमा लिनु पर्ने छ । | |
| दफा (१५) को उपदफा २ | | दफा (१६) को उपदफा (२) दर्ता हुदाँका बखत सहकारी संस्थाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ :-<br>(क) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा उप महानगरपालिका भए एक वडा<br>(ख) नगरपालिका वा गाउँ पालिकामा बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था र अन्य संस्थाको हकमा देहाय बमोजिम एक स्थानिय तह सम्म :-<br>(१) सदस्यहरुबीच स्वालम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा बनधन(कमन बण्ड) (२) व्यावसायिक स्तरमा सेवा सञ्चालन गर्न आवश्यक सदस्य संख्या<br>(३) संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान । | संघीय ऐन अनुसार स्पष्ट पारिएको |
| दफा (१५) को उपदफा २ | दफा(१५) को उपदफा (२) दर्ता हुँदाका बखत एक स्थानीय तहभित्र कार्यक्षेत्र कायम गरी व्यवसाय सञ्चालन गरेका सहकारी संस्थाले यस ऐन तथा सहकारी सम्बन्धी संघीय कानून बमोजिम कार्य क्षेत्र बिस्तार गरी एक स्थानीय तह वा जिल्ला भन्दा बढी र एक प्रदेश तहभित्र कार्यक्षेत्र कायम गर्न सक्नेछन् । | दफा (१६) को उपदफा (३) दर्ता हुँदाका बखत एक स्थानीय तह वा जिल्ला वा सो भन्दा बढी कार्यक्षेत्र कायम गरी व्यवसाय सञ्चालन गरेका सहकारी संस्थाले यस ऐन तथा सहकारी सम्बन्धी संघीय कानून बमोजिम कार्य क्षेत्र बिस्तार गरी एक स्थानीय तह वा जिल्लाभन्दा बढी र एक प्रदेश तहभित्र कार्यक्षेत्र कायम गर्न सक्नेछन् । | एक स्थानिय तह भन्दा बढी कार्यक्षेत्र भएको सस्थाहरु पनि हुने भएकोले सो को बारेमा पनि प्रष्ट हुनु पर्ने भएकोले |
| दफा (२१) | कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नु संस्था वा संघको मुख्य उद्देश्य हुनेछ | दफा २२ को कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरण उन्नयन गर्नु संस्था वा संघको मुख्य उद्देश्य हुनेछ । | सहकारीले पर्यावरणमा पनि कार्य गर्ने भएकोले |
| दफा (२२) | | दफा २३ को (ट) संघले आफ्ना सदस्य सस्थाहरुको नियमन र अनुगमन | संघलाई उत्तरदायित्व बनाउँन |
| | | २४.**<u>प्रदेश सहकारी संघको कार्य :</u>** प्रदेश सहकारी संघले सदस्यको हित प्रवर्द्धनका लागि देहाय बमोजिमका कार्य गर्नेछ ।<br>(१) सहकारी मुल्य, मान्यता र सिद्धान्तको परिपालना गर्ने, गराउँने,<br>(२) प्रदेशमा सदस्यको हित प्रबर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।<br>(३) सहकारी क्षेत्रको प्रवर्द्धनको लागि संघीय सरकार,प्रदेश सरकारका बिभिन्न निकाय | उत्तरदायित्व संघहरु निर्माण गर्न र केही सुदृढीकरणको लाीग |

| | | | |
|---|---|---|---|
| | | र राष्ट्रिय सहकारी महासंघसंग समन्वय र सहकार्य गर्ने<br>(४) सहकारी क्षेत्रको व्यवसाय प्रवर्द्धनका लागि व्यावसायिक तथा बजार अध्ययन,अनुसन्धन गर्ने,गराउँने ,<br>(५) बजार सुचना प्रणालीको बिकास गर्ने<br>(६) सहकारी शिक्षा,तालिम र सूचना प्रदान गर्ने गराउँने<br>(७)संस्था,संघहरु र राष्ट्रिय सहकारी महासंघ बीचको पारस्परिक सहयोग गर्ने गराउँने,<br>(८) राष्ट्रिय सहकारी महासंघ संगको समन्वयमा सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने<br>(९) प्रचलित कानूनको अधिनमा रहि बिभिन्न राष्ट्रिय/अन्तरराष्ट्रिय संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी प्रदेशमामा सहकारी संघ सस्थाको सुशासन र प्रबर्द्धन गर्ने<br>(१०) बिनियममा उल्लेखित कार्यहरु गर्ने । | |
| दफा(२३) | दफा(२३) | दफा(२३) लाई दफा (२५) परिवर्तन गरी क्रमश परिवर्तन गर्दै जाने । | दफा मिलाउँनु पर्ने भएकोले |
| दफा(२६)को उपदफा २ | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारका निकायहरू, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्रभित्रका सहकारी विद्यालय र सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्ने छैन । | दफा २८ को उपदफा (२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि,नेपाल सरकार, प्रदेश सरकारका निकायहरू, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सहकारी विद्यालय, प्राबिधिक शैक्षिक संस्था, सामुदायिक विद्यालय, गुठी, बिधालयहरु, क्याम्पसहरु, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरू, गैर नाफामुलक संस्थाहरु, उत्पादन र सेवामुलक संघ/संस्थाहरु सहकारी संस्थाको सदस्य हुन बाधा पर्ने छैन । | स्पष्ट पार्न लाई |
| दफा २८ को उपदफा १ | कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन । तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ । | दफा ३० को उपदफा (१) कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन ।<br>तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए संघिय ऐन बमोजिम हुने छ । | संघिय ऐनमा व्यवस्था भएकोले |
| दफा ३६ को उपदफा (५) | दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तह वा वडामा सञ्चालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गरी त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित | दफा ३८ को उपदफा (५) संघीय सहकारी ऐन २०७४ बमोजि तोकिएको व्यवस्था अनुसार वा दुई हजार भन्दा बढी सदस्य भएको संस्थाले कम्तीमा एक हजार सदस्य उपस्थित हुने व्यवस्था सहित प्रतिनिधी मूलक उपस्थिती सहित साधारण सभा गर्न सक्ने छ । | साधारण सभालाई व्यबस्थित गर्न |

| | | | |
|---|---|---|---|
| | गर्ने व्यवस्था मिलाउन सक्नेछ । | | |
| दफा ३७ को उपदफा (१) | सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।<br>तर एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउने छैन । | दफा ३९ को उपदफा (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ<br>सञ्चालक समिती बनाउँदा नेतृत्व हस्तान्तरण तथा समावेशी सिद्धान्तलाई पनि महत्व दिनु पर्ने छ । | कानून बमोजिम |
| दफा ३७ को उपदफा (५) | कुनै व्यक्ति एकै समयमा एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ । | दफा ३९ को उपदफा (५) कुनै व्यक्ति एकै समयमा एक मात्र प्रारम्भिक सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ । | स्पष्ट पार्न |
| दफा ३७ को उपदफा (८) | संघीय संसद, प्रदेश सभा, जिल्ला सभा, गाउँ सभा वा नगर सभामा निर्वाचित वा मनोनित भई पदमा बहाल रहेको व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा समितिमा निर्वाचित वा मनोनित हुन पाउने छैन । | दफा ३९ को उपदफा (८) स्थानिय तहको वडा अध्यक्ष, प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, संघीय सरकार र प्रदेश सरकारका बहालवाला मन्त्री, नियमकारी निकायमा तथा सरकारबाट आयोगमा नियुक्ती भएका व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा समितिमा निर्वाचित वा मनोनित हुन पाउने छैन । | नियमन तथा अनुगमन गर्नु पर्ने र कार्यकारी भएकोले |
| दफा ३७ को उपदफा (९) | यो ऐन प्रारम्भ हुँदाका बखत संघीय संसद, प्रदेश सभा, जिल्ला सभा, गाउँ सभा वा नगर सभामा निर्वाचित वा मनोनित भई पदमा बहाल रहेको व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा समितिमा निर्वाचित वा मनोनित भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र आफ्नो पदबाट राजीनामा दिनु पर्नेछ । | दफा ३९ को उपदफा (९) यो ऐन प्रारम्भ हुँदाका बखत वडा अध्यक्ष, प्रमुख, उपप्रमुख ,अध्यक्ष, उपाध्यक्ष, संघीय सरकार र प्रदेश सरकारका बहालवाला मन्त्री, नियमकारी निकायमा तथा सरकारबाट आयोगमा नियुक्ती भएका व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा समितिमा निर्वाचित वा मनोनित भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र आफ्नो पदबाट राजीनामा दिनु पर्नेछ । | नियमन तथा अनुगमन गर्नु पर्ने कार्यकारी भएकोले सहकारीलाई व्यवस्थित गर्न |
| दफा ३७ को उपदफा (१०) | (१०) सहकारी संस्थाको दर्ता तथा नियमन गर्नको लागि स्थापित प्रदेश सरकारको निकायमा कार्यरत कुनै पनि कर्मचारीले सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनित हुन पाउने छैन । यो ऐन प्रारम्भ हुँदाका बखत त्यस्तो निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनित भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र सञ्चालक समितिको पदबाट राजीनामा दिनु पर्नेछ । | दफा ३९ को उपदफा (१०) सहकारी संस्थाको दर्ता तथा नियमन गर्नको लागि स्थापित स्थानिय तह र प्रदेश सरकार तथा संघीय सरकारको निकायमा कार्यरत कुनै पनि कर्मचारीले सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनित हुन पाउने छैन । यो ऐन प्रारम्भ हुँदाका बखत त्यस्तो निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनित भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र सञ्चालक समितिको पदबाट राजीनामा दिनु पर्नेछ । | नियमन तथा अनुगमन गर्नु पर्ने भएकोलै सहकारीमा सुशासन कायम गर्न |
| दफा ५६को (२) उपदफा (१) | उपदफा (१) बमोजिमको कोषको प्रयोग संघीय कानून व्यवस्था भए बमोजिम हुनेछ । | दफा ५८ (२) को उपदफा (१) बमोजिमको कोषको प्रयोग संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ । | |
| दफा ५६को | | ५८(३) प्रदेश सहकारी प्रवर्द्धन कोषको व्यवस्था: संघीय सहकारी ऐन बमोजिम सुदूरपश्चिम | उपदफा थप गरिएको |

| | | | |
|---|---|---|---|
| | | प्रदेशको सहकारी संघ/संस्थाले सहकारी प्रवर्द्धन कोषमा जम्मा भएको रकममा नघटने गरी मन्त्रालयले रकम जम्मा गरी प्रदेश सहकारी प्रवद्धन कोषको व्यवस्था गर्नु पर्ने छ ।<br>४) उपदफा(३) बमोजिमको कोषमा राखेको रकममध्येबाट कम्तीमा एक तिहाई रकममा नघटने गरी प्रदेश सहकारी संघलाई छुट्टयाएपछि बिषयगत प्रदेश सहकारी संघ, जिल्ला सहकारी संघ र बिषयगत सहकारी संघलाई तोकिएबमोजमको रकम उपलब्ध गराउँनु पर्नेछ ।<br>५) उपदफा ३ बमोजिम जम्मा भएको रकम बितरण गर्न :-<br>सम्बन्धित मन्त्रालयको मन्त्रीको संयोजकत्वमा प्रदेश सहकारी संघ को अध्यक्ष, मन्त्रालयको सचिव, अर्थ मन्त्रालयको उपसचिव, प्रदेश बचत संघको अध्यक्ष, प्रदेश संघहरुको सञ्चालकहरु मध्येबाट एक जना मन्त्रीले मनोनित एक जना सदस्य र रजिष्ट्रार सदस्य सचिव भएको एक समिति रहनेछ ।<br>६) उपदफा (४) बमोजिम प्राप्त रकममध्ये कम्तीमा पचास प्रतिशत रकम सहकारी व्यवसाय प्रवर्द्धन वा पूर्वाधारमा लगानी गरी बाँकी रहेको रकम शिक्षा सुचना र तालिम, बजार प्रवर्द्धन र अनुगमन लगायतको कार्यमा खर्च गर्नु पर्नेछ ।<br>७) उपदफा (४) बमोजिम प्राप्त रकम सम्बन्धित संघले अलग्गै हिसाब राखी प्रचलित कानून बमोजिम लेखापरिक्षण गराई सो को विवरण तोकिए बमोजिम सार्वजनिक गर्नु पर्ने छ ।<br>८) उपदफा (४) बमोजिम प्राप्त हुने रकमका् खर्च तथा उपलब्धी विवरण प्रदेश सहकारी संघ र सहकारी महाशाखा समक्ष पेश गर्नु पर्ने छ ।<br>९)उपदफा (४) बमोजिम प्राप्त रकमको दुरुपयोग वा अन्य काममा प्रयोग भएको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रार बाट अधिकार प्राप्त अधिकारीले असुल उपर गराई कोषको रकम उपलब्ध गराउँन रोक लगाउन सक्नेछ । | |
| दफा ६२ उपदफा १ | **लेखापरीक्षकको नियुक्ति** :(१) सहकारी संस्थाको लेखा परीक्षण सम्बन्धी कार्य गर्न प्रचलित संघीय कानून बमोजिम इजाजत पत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारण सभाले एकजना लेखापरिक्षक नियुक्ति गर्नेछ । | **दफा ६४ को उपदफा (१) लेखापरीक्षकको नियुक्ति** :(१) सहकारी संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित संघीय कानून बमोजिम इजाजत पत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारण सभाले एकजना लेखापरिक्षक र एक जना बैकल्पिक लेखा परिक्षक नियुक्ति गर्नेछ । | लेखा परिक्षक एकजना मात्र तोक्दा निजलाई भवितव्य भै कार्य गर्न असमर्थ भएमा व्यबस्थापनका लागि |
| अनुसूची १ | दफा ११ को उपदफा १ सँग सम्बन्धीत<br>दर्ता दरखास्तको निबेदनमा श्री दर्ता | दफा १२ को उपदफा १ सँग सम्बन्धित<br>दर्ता दरखास्तको निबेदन | अनुसूची १ को दफा ११ |

| | | | |
|---|---|---|---|
| | अधिकारीज्यू | "दर्ता अधिकारी" भन्नाले रजिष्टार अधिकारी सम्झनु पर्दछ। | संशोधन भई १२ भएकोले |
| अनुसूची २ | दफा १२ को उपदफा १ सँग सम्बन्धित सहकारी दर्ता प्रमाण पत्रको नमुना<br>सुदूरपश्चिम प्रदेश<br>दर्ता अधिकारीको कार्यालय | दफा १३ को उपदफा १ सँग सम्बन्धित सहकारी दर्ता प्रमाण पत्रको नमुना<br>सुदूरपश्चिम प्रदेश<br>"दर्ता अधिकारीको" कार्यालय भन्नाले रजिष्टार अधिकारीको कार्यालय सम्झनु पर्दछ। | अनुसूची २ को दफा १२ संशोधन भइ १३ भएको |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप गर्नु पर्ने विषयहरु सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाइ सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु। अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुऱ्याउँने सचिवालयका कर्मचारी सहित सम्पूर्ण सामाजिक विकास समितिका माननीय सदस्यज्यूहरु हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु।

**प्रस्तुतकर्ता**
माननीय कुन्ती जोशी
सभापति
सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश

१०. **माननीय सदस्यहरू,**

**सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको आजको कार्वाही यही समाप्त हुन्छ।

११. **माननीय सदस्यहरु**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ।

अर्को बैठक मिति २०७५ साल माघ महिनाको १४ गते सोमबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु।